# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७३।०२।३२ गते

भेटः पेरिस, फ्रान्स

**विषय:** Ms Ann-Marie DESCOTES संगको भेट ।

-------------------------------------

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त माननीय लोकमान सिंह कार्कीले केही यूरोपियन देशहरुको भ्रमणकाक्रममा हिजो फ्रान्सको राजधानी पेरिस स्थित फ्रान्सेली परराष्ट्र मन्त्रालयमा त्यस मन्त्रालयका राज्यमन्त्रीको अनुपस्थितिमा वहाँका प्रतिनिधि Ms. Ann-Marie DESCOTES, Director General, Globalization, Culture , Information and International Development संग शिष्टाचार भेटघाट एवं छलफल गर्नुभयो । भेटमा Ms. DESCOTES ले नेपालको भ्रष्टाचार नियन्त्रणमा क्रियाशिल संवैधानिक आयोगका प्रमुख आयुक्तलाई आफ्नो मन्त्रालयमा स्वागत गर्न पाउंदा आफूलाई अत्यन्तै खुसी लागेको बताउनु भएको थियो । वहांले विभिन्न मुलुकमा भ्रष्टाचार नियन्त्रणका विधि र तरिकाहरु फरक-फरक हुने भएतापनि यस उद्धेश्य प्राप्तिको लागी सबैले सामूहिक रुपमा प्रतिवद्ध रहि कार्य गर्नु पर्ने बताउनु भयो । त्यसैगरी नेपाल- फ्रान्स विच लामो द्विपक्षिय सम्बन्ध रहेको र दुई मुलुक विचको सम्बन्धलाई अझै प्रगाढ बनाउने दिशामा यस भ्रमणले थप योगदान पुर्याउने विश्वास व्यक्त गर्नुभएको थियो ।

उक्त भेटमा माननीय प्रमुख आयुक्तले नेपालमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संवैधानिक जिम्मेवारी, दायीत्व एवं भ्रष्टाचार नियन्त्रणमा आयोगले अवलम्बन गर्दै आईरहेका रणनितिहरूका बारेमा जानकारी गराउनुभएको थियो । साथै वहाँले अनूभवहरुको आदान-प्रदान गरि भ्रष्टाचार नियन्त्रणका क्षेत्रमा कार्यरत संस्थाहरुविचको सम्बन्ध विस्तार गर्नु र अन्तराष्ट्रिय जगतमा बढ्दै गैरहेको भ्रष्टाचारको संगठित सञ्जाललाई निष्तेज पार्न सहकार्य एवं ऐक्यवद्धताका लागि आव्हान गर्नु आफ्नो भ्रमणको उदेश्य रहेको जानकारी गराउनुभयो । माननीय प्रमुख आयुक्तले १८औं शताव्दीमा नेपालका तत्कालिन प्रधानमन्त्रीले फ्रान्स भ्रमणको अवसरमा हासिल गरेको फ्रान्सेली कला र संस्कृति नेपालले समेत अनुसरण गरेको प्रसङ्ग समेत भेटको क्रममा स्मरण गराउनुभएको थियो ।

माननीय प्रमुख आयुक्तले केही समय यता फ्रान्समा भएका आतङ्ककारी हमलाको निन्दा एवं घोर भर्तस्ना गर्नुभयो । साथै गत वर्ष नेपालमा गएको आम विनाशकारी भूकम्पको समयमा फ्रान्सले नेपालका भुकम्प पिडितलाई पुर्याएको सहयोगको लागि धन्यवाद प्रकट गर्नुभएको थियो ।

(कृष्णहरि पुष्कर)

सहसचिव एवं प्रवक्ता